**बैठक संख्या: ५**

आज मिति २०८१।०८।२४ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | नगर उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडा अध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडा अध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडा अध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडा अध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडा अध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडा अध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडा अध्यक्ष |
| श्री रिजवान अहमद | वडा अध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडा अध्यक्ष |
| श्री मन्जु मिश्र | वडा अध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडा अध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री बाबुराम पौडेल | सदस्य-सचिव |

CS Scanned with CamScanner

बैठक मिति :२०८१।०८।२४

निर्णयहरु :

१. चालु आ.व.२०८१/०८२ को प्रथम चौमासिक आय व्यय समिक्षा तथा सार्वजनिक सम्वन्धमा।

चालु आ.व.२०८१/०८२ को प्रथम चौमासिक (२०८१ श्रावण १ देखि २०८१ कार्तिक मसान्त) सम्म भएको देहायबमोजिमको आय/व्यय सम्वन्धमा छलफल तथा समिक्षा गरी सार्वजनिक गर्ने निर्णय गरियो।

तपसिल :-

| आय तर्फ | | | | |
|---|---|---|---|---|
| क.सं. | आय शिर्षक | बार्षिक अनुमानित रु. | हालसम्मको रकम रु. | कैफियत |
| १. | नेपाल सरकार अनुदान | | | |
| | समानिकरण अनुदान | १६,९५,००,०००/- | ८,४७,५०,०००/- | |
| | शसर्त अनुदान | ३८,५३,८७,५००/- | १८,४३,२८,२५०/- | |
| | समपुरक अनुदान | १,५०,००,०००/- | ०/- | |
| २. | लुम्बिनी प्रदेश सरकार अनुदान | | | |
| | समानिकरण अनुदान | १,१९,९२,०००/- | ५९,९६,०००/- | |
| | शसर्त अनुदान | १,४०,००,०००/- | ३५,००,०००/- | |
| | समपुरक अनुदान | १,०५,००,०००/- | ०/- | |
| | विशेष अनुदान | ३०,००,०००/- | ०/- | |
| ३. | नेपाल सरकार राजश्व बाँडफाँड | १६,७८,००,०००/- | ३,२८,९१,२४९/- | |
| ४. | लुम्बिनी प्रदेश सरकार राजश्व बाँडफाँड | १,४०,२७,०००/- | ४५,१०,२२६/- | |
| ५. | आन्तरिक श्रोत | ८,००,००,०००/- | १,१३,२६,५३४/- | |
| | जम्मा रु. | ८७,१२,०६,५००/- | ३२,७३,०२,२५९/- | |

| व्यय तर्फ | | | | |
|---|---|---|---|---|
| क.सं. | व्यय प्रकार | बार्षिक विनियोजन रु. | हालसम्मको खर्च रु. | खर्च प्रतिशत |
| १. | चालु | ६५,१९,२५,५००/- | १८,७१,६६,४७३/- | २८.७ % |
| २. | पूँजिगत | १९,५२,४८,०००/- | ३०,२१,३५०/- | १.०२ % |
| | जम्मा रु. | ९४,७१,७३,५००/- | १८,६९,१६,९७४/- | १९.७३ % |
| ३. | सामाजिक सुरक्षा | २८,८१,९५,०००/- | ७,१५,०५,८५१/- | २४.८१ % |

२. मेडपा कार्यक्रमको लागि वडा छनौट सम्वन्धमा।

चालु आ.व.२०८१/०८२ को लघु उद्यम विकास (मेडपा) कार्यक्रम संचालनको लागि यस अघि कार्यक्रम संचालन नभएका वडा नं.१ र ९ लाई छनौट गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

Scanned with CamScanner

बैठक मिति :२०८१।०८।२४

३. निशुल्क रगत वापतको रकम भुक्तानी सम्वन्धमा।

नगरपालिकाद्धारा बार्षिक रुपमा बजेट विनियोजन गरी रक्तसंचार सेवा केन्द्र बुटवलसँगको समन्वयमा भैरहवा र बुटवलमा उपचाररत नगरभित्रका नागरिकहरुलाई निशुल्क रगत तथा रक्त तत्व उपलब्ध गराउँदै आईरहेकोमा गत आर्थिक वर्ष २०८०/०८१ मा बार्षिक बिनियोजित बजेट अपुग भई रक्त संचार सेवा केन्द्र बुटवललाई रु.१,३०,१५०/- भुक्तानी दिन बाँकी रहेको तथा चालु आर्थिक वर्षको २०८१ श्रावण १ गतेदेखि २०८१ कार्तिक मसान्त सम्मको रु.९०,२५०/- गरी कुल जम्मा रु.२,२०,४००/-भुक्तानी दिन बाँकी रहेकोले उक्त संस्थासँग सम्झौता गरी बाँकी रकम भुक्तानी दिने निर्णय गरियो।

४. आधारभूत अस्पताललाई बिमाको रकम भुक्तानी सम्वन्धमा।

शिवराज नगरपालिकाको नगरसभाबाट चालु आ.व.२०८१/०८२ को नगरस्तरीय योजना/कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमा कार्यक्रमको लागि फार्मेशी व्यवस्थापन तथा औषधि खरिद शिर्षकमा रु.५ लाख बजेट विनियोजन भएकोमा आधारभूत स्वास्थ्य सेवा अस्पताल चन्द्रौटामा फार्मेसी सेवा संचालनमा रहेकोले लेखापरिक्षणको दायित्व समेत अस्पतालकै हुने र नगरपालिकाले माग गरेको अवस्थामा कागजात उपलब्ध गराउने गरी फार्मेशी व्यवस्थापन र आवश्यक औषधि खरिद गर्ने प्रयोजनार्थ बिउपूँजीको रुपमा बिनियोजित बजेट अस्पतालको खातामा भुक्तानी दिने निर्णय गरियो।

५. सडकबोर्ड नेपाल अन्तर्गतका योजना छनौट सम्वन्धमा।

गत विगत वर्षहरुमा सडकबोर्ड नेपाल अन्तर्गत प्राप्त रकम मध्ये खर्च भई बचत रहन गएको रकम रु.३४ लाख, चालु आ.व.२०८१/०८२ मा सडकबोर्ड नेपाल अन्तर्गत प्राप्त हुने रकम रु.४७ लाख र शिवराज नगरपालिकाको नगरस्तरीय योजना तथा कार्यक्रम अन्तर्गत नगर भित्रका जिर्ण सडक मर्मत शिर्षकमा बिनियोजित रकम रु.२० लाख गरी कुल जम्मा रु.१ करोड १ लाखमा नपुग हुने रकम आगामी नगरसभाबाट श्रोत सुनिश्चित गर्ने गरी देहायबमोजिमका योजना तथा कार्यक्रम छनौट गरी स्वीकृतीको लागि सडकबोर्ड नेपालमा पठाउने निर्णय गरियो।

<u>तपसिल</u> :-

१. शिवपुर जगत जि.सि.को घरदेखि सरस्वती आधारभूत विद्यालय जाने सडक मर्मत, वडा नं.१
२. वडा नं.२ र वडा नं.५ को सिमाना बसन्तपुर कल्भर्ट देखि बालापुर चोकसम्म सडक मर्मत, वडा नं.२
३. महाराजगंज रोडदेखि हंश बाहिनी हुँदै नहर सम्म र महेन्द्र राजमार्ग निस्किने सहायक सडकहरु र शान्ती टोलको बाटो मर्मत, वडा नं.३
४. समिति चोकदेखि बरगदवा हुँदै पिंपरा सम्म सडक मर्मत, वडा नं.४
५. महेन्द्र राजमार्गदेखि मेरीस्टोप हुँदै वडा कार्यालय जाने सडक मर्मत, वडा नं.५
६. धर्मनगर लिंकरोडदेखि मजिगवा जाने सडक मर्मत, वडा नं.६
७. नौगजवाको पूर्वको कल्भर्टदेखि जवाभारी जाने सडक मर्मत, वडा नं.७
८. विसुनपुर डिहवा मूल सडकदेखि दक्षिण स्वास्थ्य चौकीसम्म सडक मर्मत, वडा नं.८
९. तुरुन्तपुर कल्भर्टमा तटबन्ध र सडक आर.सि.सि. मर्मत, वडा नं.९
१०. सितलापुर देखि थुन्हिया कालोपत्रे सडक मर्मत, वडा नं.१०
११. खरेन्द्रपुर महाराजगंज सडक खण्ड मर्मत, वडा नं.११

बाबुराम पौडेल
प्रमुख प्रशासकिय अधिकृत

अजय थापा
नगर प्रमुख

६. स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण सम्बन्धमा।

संघीय सरकारबाट स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण कार्यक्रमका लागि विनियोजित रकम रु.१ करोड ६५ लाखमा प्राविधिक लागत अनुमान बमोजिम नपुग हुने रकम रु.१ करोड ९० लाख आगामी नगरसभाबाट श्रोत सुनिश्चित गरी साझेदारी गर्ने गरी नगर शिक्षा समितिको सिफारिस बमोजिम देहायबमोजिमका विद्यालयहरुमा ४(चार) कोठे भवन निर्माणको लागि ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो।

तपसिल :-

- श्री आधारभूत विद्यालय धर्मनगर, शिवराज-६
- श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय सितलापुर, शिवराज-१०
- श्री दुर्गा भगवती माध्यमिक विद्यालय नयाँबस्ती, शिवराज-३

७. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गतका योजना छनौट सम्बन्धमा।

चालु आ.व.२०८१/०८२ को युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत प्राप्त रकममा नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखातर्फ विद्यालयको भौतिक पूर्वाधार मर्मत संभार कार्यक्रम शिर्षकमा विनियोजित रकम रु.२० लाख थप गरी नगरक्षेत्रभित्र संचालित अधुरो पर्खाल भएका सामुदायिक विद्यालयहरुको पर्खाल निर्माण कार्य गर्ने गराउने निर्णय गरियो।

८. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि श्रममूलक आयोजना छनौट सम्वन्धमा।

चालु आ.व.२०८१/०८२ को प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि वडा कार्यालयहरुबाट सिफारिस भई आएका देहायबमोजिमका श्रममूलक आयोजनाहरु छनौट गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

तपसिल :-

| वडा नं. | श्रममूलक आयोजना |
|---|---|
| १ | करहिया खैरहवा खेतको दक्षिणमा रहेको कुलो खैरहवा खेत हुँदै भलुही जाने बाटोमा जोड्ने कुलोको साइडमा बाटो निर्माण |
| २ | शरद अधिकारीको बोरिङ्गको पूर्व देखि नक्सामा भएको गौरिया सम्मको सार्वजनिक कुलो निर्माण |
| ३ | खरेन्द्रपुर खानेपानी आयोजनाको पाईपलाइन निर्माण तथा विस्तार कार्य |
| ४ | शिवराज नगरपालिका वडा नं.४ का विभिन्न टोलहरूमा नाली सरसफाई कार्यक्रम |
| ५ | शिवराज नगरपालिका वडा नं.५ का विभिन्न नालीहरू सरसफाई गर्ने |
| ६ | पैकीवण्डा लिंकरोडदेखि इस्लामनगर जाने बाटोदेखि उत्तर पुर्व भएको समयथान सम्मको बाटो स्तरोन्नती |
| ७ | जुमिली गाउँको कुलो खन्ने तथा सरसफाई |
| ८ | जिगनहैया देखि विसुनपुर करवला हुँदै हरोठी सम्म माटो पटान |
| ९ | शिवराज नगरपालिका वडा नं.९ अन्तर्गत धार्मिक तथा ऐतिहासिक शिवगढी मन्दिर/किल्ला जाने बाटो स्तरोन्नती |
| १० | खदरा देखि पेटवनिया सम्म अधुरो कुलो/ सडक निर्माण |
| ११ | पूर्व सेमरी जानकी मन्दिर देखि दक्षिण मैटहवा जाने सडक स्तरोन्नती |

Scanned with CamScanner

बैठक मिति :२०८१।०८।२४

९. कार्यविधि सम्वन्धमा।

विधेयक समितिबाट सिफारिस भई आएको देहायबमोजिमको कार्यविधि स्वीकृत गरी लागू गर्ने निर्णय गरियो।

तपसिल :-

- शिवराज नगरपालिकाको पढ्दै कमाउँदै कार्यक्रम संचालन कार्यविधि,२०८१
- उपेक्षित उष्ण प्रदेशिय रोग प्रभावित नागरिकका लागि स्वयम् हेरचाह समुह गठन, व्यवस्थापन तथा परिचालन सम्वन्धी कार्यविधि, २०८१

१०.कर्मचारी अध्ययन विदा सम्वन्धमा।

यस नगरपालिका अन्तर्गत आधारभूत स्वास्थ्य सेवा केन्द्र चनईमा सि.अ.न.मी.(सहायक पाँचौ) पदमा कार्यरत कर्मचारी श्री माया पोखरेल (क.सं.नं.२१४४०६) चिकित्सा शिक्षा आयोगबाट संचालन हुने BNS (Bachelor in Nursing Science) अध्ययनको लागि कार्यालयको पूर्व स्वीकृत लिई छात्रवृत्तीमा मनोनयन भएको र निज कार्यरत रहेको सेवा समूहलाई उपयोगी र आवश्यक पर्ने विषय अध्ययन गर्न जान लागेको हुँदा नेपाल स्वास्थ्य नियमावली,२०५५ को नियम ५३ को उपनियम १,४ र ६ मा भएको व्यवस्था बमोजिम निजलाई तलबी अध्ययन विदा मनोनयनको लागि सम्वन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो।

११.कल्भर्ट निर्माण सम्वन्धमा।

चालु आ.व.२०८१/०८२ को नगरस्तरीय योजना तथा कार्यक्रम अन्तर्गत चैनपुर सुकुम्वासी टोलदेखि भलुही जोड्ने जवई खोलामा कल्भर्ट निर्माण वडा नं.१ र ५ शिर्षकमा बजेट रु.१५ लाख विनियोजन भएकोमा बिनियोजित रकमबाट उक्त स्थानमा कल्भर्ट/पुल निर्माण गर्न रकम अपुग हुने देखिएकोले उक्त कल्भर्ट निर्माणको लागि अधिकतम रु.२० लाख आगामी नगरसभाबाट श्रोत सुनिस्चित गरी थप गर्ने गरी उक्त कल्भर्ट/पुल निर्माण कार्यको ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो।

पौडेल
प्रमुख प्रशासकिय अधिकृत

अजय थापा
नगर प्रमुख